# ११ आध्यात्मिक अगुवालाई येशूको मर्यादित भक्त बनाउनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका ६:१२-१६, यूहन्ना १६:७-१४, लूका ६:२०-४९, यर्मिया ५०:३१, यशैया ५७:१५ र प्रेरित १।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"ती दिनहरूमा एक दिन येशू प्रार्थना गर्न पहाडतर्फ जानुभयो। उहाँले रातभरि परमेश्वरसँग प्रार्थना गरेर समय बिताउनु भयो। जब विहानीपख भयो, उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाउनुभयो। उहाँले प्रेरित अर्थात् आत्मिक अगुवा र गुरूहरू बनाउन बाऱ्ह जनालाई नियुक्ति गर्नुभयो।" (लूका ६:१२,१३)।**

चेलाहरू बनाउन येशू जहिले पनि क्रियाशील हुनुहुन्थ्यो। तर उहाँलाई थाहा थियो कि यस संसारमा उहाँको मानविय उपस्थिति छोटो छ। त्यसकारण उहाँले चेलाहरू बनाउन आफूलाई समर्पण गर्नुभयो ताकि उहाँ यस संसारबाट छोडेर गएपछि तिनीहरूले उहाँको कामलाई निरन्तरता दिउन्। उहाँ तिनीहरूको <u>उत्कृष्ठ गुरू र उत्कृष्ठ प्रशिक्षक हुनुहुन्थ्यो।</u> सिकाउने र तालिम दिने कामसँग कस्तो घनिष्ठ सम्बन्ध छ भनेर त्यसले यहाँ स्पष्ट रूपमा देखाइएको छ। सिकाउनु वा कसैको शिक्षक वा गुरू बन्नु भन्नुको अर्थ आफूसँग भएको ज्ञानलाई अरूलाई बाँड्नु हो। कसैको चेला वा भक्त हुनुभनेको त्यस गुरूबाट सिकेका ज्ञानलाई अनुशासनमा रहेर आत्मसात् गरेर व्यवहारमा उतार्न सक्षम् हुनु हो। त्यसपछि आफूले सिकेका ज्ञानलाई अरूलाई पनि सिकाउने काममा इमान्दारितासाथ सहभागी बनाउन चेलाले आफूलाई अर्पण गर्दछ।

अगुवाहरू बनाउन येशूले ती चेलाहरूलाई तालिम दिँदा उहाँबाट तिनीहरूले विभिन्न शिक्षादिक्षा पाएका थिए। तर येशूको सामु ज्ञान वा शिक्षादिक्षामा कोही मानिस सक्षम् हुनुमात्र पर्याप्त थिएन। तिनीहरूको आत्मिक विकास ज्ञान भन्दा बेसी महत्त्वपूर्ण थियो। स्वार्थ-त्याग, पवित्र जीवन, परिश्रम तथा कठिन जीवन, विश्वास तथा आस्था जस्ता परमेश्वरका तत्वहरूमा व्यक्तिगत अनुभव हुन ती चेलाहरूमा अत्यन्त आवश्यक थियो। धार्मिक विद्या र परमेश्वरको बारेमा विषेश अध्ययन

वा थियोलोजी जानेर बुझेर तिनीहरूले आत्मिक अनुभवमा प्रवेश गर्न तिनीहरूको आवश्यक थियो। अगाडिको संसारमा विभिन्न कठिन चुनौतीहरूको सामना गर्न तिनीहरूमा केवल ज्ञान मात्र भएर पुग्दैनथ्यो। येशूले तिनीहरूलाई आवश्यक भएको विद्या र आत्मिक वृद्धि पनि दिनुभएको थियो।

## १. अगुवा बन्न यहीँबाट नै सुरू हुन्छ (लूका ६:१२-१६)

यस संसारमा येशूको समय छोटो थियो। त्यसकारण चेलाहरूले अरूलाई येशूभक्त बनाउन निपुण पार्न तालिम दिन अत्यन्त आवश्यक थियो। प्रसारप्रसार गर्ने काममा सक्षम् बनाउन कसलाई नियुक्ति गर्ने? उक्त काममा कतिजनालाई नियुक्ति गर्ने? येशूका अनगिन्ति चेलाहरू थिए। के सबैलाई नियुक्ति गरेर सामूहिक शिक्षादिक्षा दिने? तर ठूलो समूहलाई होइन सानो समूहलाई तालिम दिइयो भने सक्षम् अगुवाको विकास हुन्छ भन्ने कुरालाई येशूले बुझ्नुभएको थियो। आफ्नो पाठशालामा ग्राडुयत हुन सिमित संख्यालाई येशूले चुन्नुभएको थियो।

**आफ्नो विशेष चेलाहरूलाई चुन्न र तालिम दिन येशूले पहिला के गर्नुभएको थियो र त्यसको महत्त्व किन थियो भनेर लूका ६:१२-१६लाई ध्यान दिएर पढ्नुहोस्ः "ती दिनमा उहाँ पहाड़तिर प्रार्थना गर्न जानुभयो, र परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनुभयो।१३ बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनीहरूलाई प्रेरित भन्ने नाउँ दिनुभयो १४ सिमोन, जसलाई उहाँले पत्रुस नाउँ पनि दिनुभयो, र तिनका भाइ अन्द्रियास, याकूब र यूहन्ना, फिलिप र बारथोलोमाइ, १५ मत्ती र थोमा, अल्फयसका छोरा याकूब, र सिमोन, जो उग्रपन्थी भनिन्थे, १६ याकूबका छोरा यहूदा, र यहूदा इस्करियोत, जो विश्वासघाती भए।"**

असल योजना बनाउन ठूलो वुद्धीको आवश्यक पर्छ। त्यो वुद्धि पाउन येशू स्वर्गमा रहनुभएको आफ्नो पिताकहाँ आउनुभएको थियो। त्यसरी नै वर्तमान युगमा पनि कसैलाई परमेश्वरको काममा खटाउनु छ वा नियुक्ति गर्नु छ भने प्रार्थनाको अत्यन्त जरुरत पर्छ। अरूलाई नियुक्त गर्न वुद्धिको आवश्यक भएकोले ख्रीष्टले परमेश्वरसँग प्रार्थना गर्न आवश्यक ठान्नुभएको छ भने आजका इसाईहरूले पनि कसैलाई

परमेश्वरको काममा नियुक्त गर्नु पर्दा त्यो आवश्यकताको झन कति महसुस गर्नुपर्छ सो बुझ्नु पर्छ। ख्रीष्टले दिनुभएको महान् आदेशलाई पालना गर्न र त्यसको रेखदेख गर्न जिम्मेवार कार्यकर्तालाई चुन्नुभन्दा पहिले परमेश्वरको दिव्य ज्ञान पाउनको निम्ति प्रार्थना गर्नु आजका इसाईहरूले चाहना गर्नुपर्ने ठूलो आवश्यकता हो।

येशूले बाऱ्हजना प्रेरितहरू नियुक्ति गर्नुभयो। अगुवा हुन र अध्यात्मिक विद्याहरू सिकाउन तिनीहरूलाई चुनिएको थियो। तिनीहरू येशूले चुन्नुभएको उहाँका प्रतिनिधीहरू थिए। तिनीहरूलाई आत्मिक अधिकारले दिइएको थियो। येशूका अरू धेरै चेलाहरू पनि थिए तर तिनीहरूले बाऱ्हजनालाई अभिषेक गरेर विशेष कामको निम्ति उहाँले नियुक्ति गर्दा अरूहरूले विना डाह, नकारात्मक र आलोचनात्मक भावनाले हेरिरहेका थिए। पछि गएर येशूले त्यो भन्दा वेशी ठूलो झुण्डलाई सुसमाचार प्रचारप्रसार गर्न चुन्नु भएको थियो। त्यो ठूलो समूहमा बहत्तर जना थियो। बाइबलमा नाउँ उल्लेख नगरेका अरू चेलाहरूलाई पनि उहाँले त्यही कामको निम्ति नियुक्ति गर्नुभएको थियो। तर अरू हुलमुलमा हुने चेलाहरू भन्दा ती बाऱ्हजना विशेष गरेर येशूसँग एकदम नजिक रहेर चलेका थिए। तिनीहरूले सबभन्दा ठूलो अभिभारा वहन गर्न स्वीकार गरेका थिए। अनि येशूले दिनुभएको जिम्मेवारीलाई कार्यान्वन गर्न गम्भिर तालिमको आवश्यक थियो। सुरूका इसाईहरू सुसंगठित रूपमा कसरी चलेका थिए भनेर येशूले संगठन गर्नुभएको व्यवस्थापनले स्पष्टरूपमा देखाउँदछ। आफूले स्थापना गर्नुभएको सुसंगठित समूहका चेलाहरूलाई तालिम, शिक्षादिक्षा दिएर तिनीहरूले गर्नुपर्ने काममा सक्षम् बनाउनुभएको थियो।

**प्रार्थनामा येशूले कतिसमय बिताउनुभएको थियो सो सोच्नुहोस्। हामीहरूको प्रार्थनाको जीवनको बारेमा त्यसले के भन्छ? तपाईंले नै गर्नुभएको प्रार्थनाको फल कस्तो थियो?**

## २. ज्ञान वा विद्या र अनुभवः भाग १ (यूहन्ना १६:७-१४)

येशूले दिनुभएको सन्देशहरूमा सूचनाको हक सबैले पाउनु पर्छ भन्ने एक अत्यन्त महत्त्वपूर्ण भाग थियो। तर जानेर बुझेर वा ज्ञानमा सम्पन्न भयो भन्दैमा मानिसमा आमूल परिवर्तन हुनुपर्छ भन्ने छैन। तर

प्रत्येक परिवर्तनमा कुनै न कुनै सूचना वा ज्ञान समावेश भएको हुन्छ। विभिन्न धारणा, वाद वा तर्कहरू आफैमा परिवर्तन गराउने शक्ति हुँदैन। तर परमेश्वरको आत्माले मानिसहरूको हृदयमा काम गर्दछ र उहाँले आवश्यक आमूल आत्मिक वा जीवन परिवर्तन गर्नुहुन्छ। जब येशूप्रति आस्थामा मानिस परिवर्तन वा कन्भरजन हुन्छ तब त्यो मानिस उच्च आत्मिक जीवनमा लम्किन्छ र आफ्ना जीवनको अस्तित्वलाई पनि अर्थपूर्ण बनाउँछ।

सत्य इसाई के हो भनेर बुझ्न र अनुभव गर्न धार्मिक शिक्षादिक्षाले कतिको सानो भूमिका खेल्छ भनेर यूहन्ना १६:१-१५मा येशूले व्यक्त गर्नुभएको छ। त्यसबाट हामीले के बुझ्नुपर्छ सो बुझ्न कोशिश गरौं: "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ। २ तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ। ३ तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्। ४ तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिनँ, किनकि म तिमीहरूसँग थिएँ। ५ "अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं कहाँ जाँदैहुनुहुन्छ?' भनी तिमीहरू कसैले मलाई सोध्दैनौ। ६ तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ। ७ तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले

**तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।१४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ।१५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"**

जब बाइबलको विद्या परमेश्वरको आत्मासँग मिसिएर काम गर्दछन् तब त्यसले व्यक्ति र समाजलाई आमूल परिवर्तन गर्न सक्दछ। यदि अरूलाई येशूभक्त बनाउनु छ भने हामी विश्वास र अध्ययनमा अत्यन्त लगनशील हुनुपर्दछ। साथै बाइबलले दिने शिक्षादिक्षा र पवित्र आत्माको तिब्र चाहना गर्नपर्छ।

कल्पना, तर्क, सोचविचार र बौद्धिक ज्ञानलाई इसाई धर्मले ठूलो सम्मान गर्छ र त्यसको मूल्यलाई उच्चरूपमा कदर गर्दछ। बाइबल तर्कवितर्कहरूले भरिएका छन्। यहूदी धर्ममा गुरूहरूलाई ठूलो सम्मान गरिन्छ। पण्डित र शास्त्रीहरूले पवित्र लेखहरूलाई वडो होशियारपूर्वक सुरक्षित गर्दछन्। ती सबैले विश्वासीको जीवनमा ज्ञान वा बौद्धिक क्षमता कतिको महत्त्व तथा गरिमामय रहेछ भनेर औँल्याउँछन्।

इसाई धर्म कुनै काल्पनिक विश्वासमा आस्था राख्ने धर्म होइन। तर इसाई समूहमा केही यस्ता समूह छ जसले भावना, जोश र अनुभव आत्मज्ञानभन्दा माथि छ भनेर सिकाउँदछन्। बाइबलको शिक्षादिक्षा त्यत्तिको महत्त्व छैन केवल भावना वा अनुभवमात्र इसाई जीवन पर्याप्त छ भनेर त्यस्तो खालका मानिसहरूले भन्दछन्। मानिसको आत्मिक जीवन कतिको राम्रो छ भनेर हेर्ने मापदण्ड नै जोश, भावना र धार्मिक उत्तेजनालाई तिनीहरूले प्राथमिकता दिन्दछन्।

तर त्यस्तो खालको प्रवृत्तिलाई बाइबल सहमत नभएको पाउँछौं। विना आत्मज्ञान तर केवल अनुभवले मात्र मानिसको जीवनमा अत्याधुनिक गोलवारीको जस्तो काम गर्दछ र त्यसले कुन् सत्यतातिर आफू निर्दर्शित हुनुपर्छ सो को वास्ता गर्दैन। फेरि आत्मिक अनुभव विना आत्मज्ञान मात्र भएपनि त्यो मुर्दा जस्तो हुन्छ। अर्थात् अध्यात्मिक अनुभव विना प्रचण्ड ज्ञानमामा निपुण भए त्यस्तो इसाई जिउँदो मुर्दा

जस्तो हुन्छ, त्यसमा जीवन हुँदैन। त्यसले विश्वासीलाई नितिकुति, परम्परामा वढि ध्यान दिने तथा अतिवादी हुन अग्रसर गराउँछ। परमेश्वरको आज्ञा पालन गरियो भने मुक्ति पाउँछ भन्ने धारणाले त्यस्ता मानिस पस्निरहेको हुन्छ।

विश्वासीहरूलाई सत्य चेला बनाउन सत्य इसाई अगुवा वा गुरूहरूले दुवै आत्मज्ञान र अनुभवको आवश्यकता पर्छ भनेर बुझेको हुन्छ।

**तपाईंले येशूलाई किन विश्वास गर्नुभयो, त्यसको असल कारणहरू सोच्नुहोस्। फेरि त्यसैवखत तपाईंको अध्यात्मिक जीवनमा भाव वा अनुभवले कस्तो भूमिका खेलेको पाउनुभएको छ? अध्यात्मिक मार्गमा हिँड्न दुवै आत्मज्ञान र अनुभव वा भावको आवश्यकता किन पर्छ?**

## ३. भावना वा अनुभवः भाग २ (लूका ६:२०-४९)

जोश र होस वा आत्मज्ञान र व्यक्तिगत अनुभव अत्यन्त महत्त्वपूर्ण छन् भनेर येशूले सिकाउनुभएको छ। परमेश्वरसँगको हिँडाइमा र अरूलाई येशूभक्त बनाउने क्रियाकलापमा ती दुवै अर्थात् बाइबलको विद्या र व्यक्तिगत अनुभव नितान्त किन आवश्यक छ भनेर लूका ६:२०-४९ले कसरी देखाउँछ, ध्यान दिएर पढ्नुहोस्: "**Luke** ६:२०
तब उहाँले आफ्ना चेलाहरूमाथि नजर उचालेर भन्नुभयोः "धन्य तिमी,
दीन हुनेहरू, किनभने परमेश्वरको राज्य तिमीहरूकै हो। २१ धन्य
तिमी, अहिले भोकाउनेहरू, किनभने तिमीहरू तृप्त हुनेछौ। धन्य तिमी,
अहिले रुनेहरू, किनभने तिमीहरू हाँस्नेछौ। २२ धन्य तिमीहरू, जब
मानिसहरूले तिमीहरूलाई मानिसको पुत्रको खातिर घृणा गर्नेछन्, र
बहिष्कार गर्नेछन्, र गिल्ला गर्नेछन्, र दुष्ट ठानी तिमीहरूका नाउँलाई
अपमान गर्नेछन्। २३ "त्यस दिन रमाओ, र खुशीले उफ्र, किनभने
स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनकि तिनीहरूका पुर्खाहरूले
अगमवक्ताहरूलाई त्यसै गरेथे। २४ "तर धिक्कार, तिमी धनीहरू!
किनभने तिमीहरूले आफ्नो सुख-चैन पाइसकेका छौ। २५ धिक्कार,
तिमी अहिले तृप्त भएकाहरू! किनभने तिमीहरू भोकाउनेछौ। धिक्कार,
तिमी अहिले हाँस्नेहरू! किनभने तिमीहरू शोक गर्नेछौ र रुनेछौ। २६
धिक्कार, तिमीलाई, जब सबै मानिसहरूले तिमीहरूको प्रशंसा गर्नेछन्!

किनकि यसरी नै तिनीहरूका पुर्खाहरूले झूटा अगमवक्ताहरूलाई गरेथे।
२७ "तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा
गर्नेहरूलाई भलाइ गर, २८ सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार
गर्नेहरूका निम्ति प्रार्थना गर। २९ तिमीलाई एक गालामा चड्काउनेलाई
अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान
देओ। ३० तिमीसित माग्ने हरेकलाई देओ, र तिम्रो चीजबीज लानेसँग
फेरि नमाग। ३१ जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू
इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर। ३२ "तिमीहरूलाई
प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो? किनकि
पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछन्। ३३ तिमीहरूको
भलाइ गर्नेहरूलाई भलाइ गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो र?
किनकि पापीहरूले पनि त्यसै गर्दछन्। ३४ यदि फिर्ता पाउने आशा
राखेर कसैलाई ऋण दिन्छौ भने, तिमीहरूलाई के लाभ भयो र? किनकि
फेरि उत्ति नै पाउने आशा राखेर पापीहरूले पापीहरूलाई ऋण दिन्छन्।
३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि
पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि
तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि
कृपालु हुनुहुन्छ। ३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि
कृपालु होओ। ३७ "अरूको न्याय नगर र तिमीहरूको पनि न्याय
गरिनेछैन। अरूलाई दोषी नठहराओ, र तिमीहरू दोषी ठहराइनेछैनौ।
क्षमा गर, र तिमीहरूलाई पनि क्षमा गरिनेछ। ३८ देओ, र तिमीहरूलाई
पनि दिइनेछ। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी
हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि जुन
नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।"
३९ अनि उहाँले तिनीहरूलाई एउटा दृष्टान्त पनि भन्नुभयो: "के अन्धाले
अन्धालाई डोऱ्याउन सक्छ? के तिनीहरू दुवै खाड़लमा पर्दैनन् र? ४०
चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन, तर पूरा शिक्षा पाएपछि ऊ आफ्ना
गुरुजस्तै हुनेछ। ४१ "आफ्नो भाइको आँखामा भएको छेस्को तिमी किन
देख्तछौ, तर आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४२ तिमी
आफ्नो आँखामा भएको मूढ़ा देख्दैनौ भने, आफ्नो भाइलाई 'ए भाइ, तिम्रो
आँखामा भएको छेस्को मलाई निकाल्न देऊ' भनी तिमी कसरी भन्न

सक्छौ? ए कपटी, पहिला आफ्नै आँखाबाट मूढ़ा निकाल, र तब तिमीले भाइको आँखामा भएको छेस्को निकाल्नलाई छर्लङ्गै देख्न सक्छौ। ४३
"कुनै असल रूखले खराब फल फलाउँदैन, न त खराब रूखले असल फल फलाउँछ। ४४ हरेक रूख त्यसको फलैबाट चिनिन्छ। किनभने काँढ़ाका झाँगबाट कसैले अञ्जीर बटुल्दैन, न त पोथ्राबाट अंगूर बटुल्दछ। ४५ असल मानिसले आफ्नो हृदयको असल भण्डारबाट असलै थोक निकाल्दछ, र दुष्ट मानिसले आफ्नो हृदयको दुष्ट भण्डारबाट दुष्ट थोक नै निकाल्दछ। किनकि जुन कुराले हृदय भरिएको हुन्छ, मानिसको मुखबाट त्यही निस्कन्छ। ४६ "मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु,' भन्दछौ? ४७ जो मकहाँ आउँछ, मेरा वचन सुन्छ र तीअनुसार गर्छ, त्यो कस्तो मानिस हो, म तिमीहरूलाई बताउनेछु। ४८ त्यो एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो। अनि जब भल चल्यो, र जलप्रवाह उर्लिआएर त्यस घरमा ठोकियो, तब त्यस घरलाई हल्लाउन सकेन, किनकि त्यो पक्का बनाइएको थियो। ४९ तर जसले सुन्छ र पनि त्यसअनुसार गर्दैन, त्यो एक जना यस्तो मानिस हो, जसले जमिनमाथि जगविनाको घर बनायो। जब त्यस घरमाथि भल आएर ठोकियो, तब त्यो घर तुरुन्तै ढल्यो, र त्यस घरको ठूलो सर्वनाश भयो।"

यदि कोही चोला होइन वा बाहिरि धार्मिक पोशाक लगाएर अरूभन्दा धर्मी छु भनेर देखाउने प्रवृत्ति भन्दा पनि आत्मिक परिवर्तन भएको छ भनेर देखाउन आत्मज्ञानको अत्यन्त आवश्यकता हुन्छ। ख्रीष्ट आफै अत्यन्त महान् गुरू हुनुहुन्थ्यो। डाँडामा, प्राकृतिक सौन्दर्यको बीचमा, समुद्रम छेऊ आदिमा बसेर ख्रीष्टले मानव परिवर्तन गर्ने विद्या मानिसहरूलाई दिनुभएको थियो। येशूले सिकाउनुभएको सत्यलाई मानिसहरूले ग्रहण गरून् भनेर तिनीहरूको हृदय र दिमागलाई पवित्र आत्माले जगाउन भएको थियो। जब सम्म व्यक्तिले व्यक्तिगत रूपमै सत्यको अनुभव गर्न सक्दैन तब सम्म चेला बन्नॆ काम पूरा हुँदैन। तर सत्य आत्मज्ञानको मातहतमा त्यो अनुभवलाई जोख्नु पर्दछ।

येशूका आजका भक्तहरूले बाइबलको ज्ञानमा निपुण हुनै पर्छ अनि मात्र अरूलाई येशूतिर दोहोऱ्याउन सक्छ। सत्य आत्मिक ज्ञान वा

सूचना बाइबलले प्रदान गर्दछ। चर्चले सिकाएका विभिन्न शिक्षादिक्षा वा दर्शनहरू अरूलाई पनि सिकाउनु पर्दछ। निसन्देह चर्चका कतिपय शिक्षादिक्षाहरू लोकप्रिय नहोलान् वा त्यसलाई पूर्ण रूपमा बुझ्न वा बुझाउन कठिन पनि होला। तर अनुभवी विश्वासीहरूले आफूले पाएका ज्ञानहरू लुकाएर राखोस् भन्ने परमेश्वरको चाहना होइन। नयाँ विश्वासीहरूले अचम्मको र जीवनलाई आमूल परिवर्तन ल्याउने इसाई शिक्षादिक्षालाई अरूले सराहना गरोस् र त्यसमा वढेर जाओस् भन्ने चाहना परमेश्वरको हो। विशेष गरेर वर्तमान वा समयसापेक्षिक तिन स्वर्गदूतका सन्देशहरू प्रत्येक येशूभक्तले जान्नु आवश्यक छ।

**अन्धाले अन्धालाई कसरी दोऱ्याउँछ भनेर येशूले लूका ६:३९मा भन्नुभएको तात्पर्य के हो? येशूले सम्बोधन गर्नुभएको जस्तो हामी पनि त्यही दर्जामा नपर्न हामी कसरी सतर्क हुनुपर्छ?**

अन्तमा येशूभक्तमा भएको आत्मज्ञान र जोस अर्थात् अनुभवले उसलाई निश्वार्थी प्रेमतिर अग्रसर गराउँछ। अरूलाई येशूभक्त बनाउने अति शक्तिशाली उर्जा त्यो भन्दा अरू के होला?

## ४. सुरूका आत्मिक अगुवाहरू (सपन्याह २:३)

श्रमिक, कम शिक्षित, दीन दुखी, निम्न र समाजमा त्यस्तो प्रतिष्ठित स्थान नपाएका मानिसहरूबाट सुसमाचार सुनाउने अगुवाहरू येशूले टिप्नु भएको अत्यन्त रोचक मान्नुपर्छ। त्यसबेलाका प्रवुद्ध वा ज्ञानी र बुद्धिमानी कहलाइएका धर्मगुरूहरूबाट अगुवाहरू चुन्नु भएन। उहाँले त्यसबेलाका यहूदी धर्मका संरक्षक मानिने सानहिड्रन पण्डितहरूलाई पनि आफ्नो कामको निम्ति चुन्न पन्छाउनुभयो। धर्मगुरू वा स्वामी कहलाउन चाहने र अरूभन्दा आफू धर्मी छु भनेर आभास् दिने र भाऊ खोज्ने मानिसहरूलाई वेवास्ता गरी समाजबाट हेपिएका, तल्लो स्तर मानिएका, अप्रतिष्ठित र अशिक्षित मानिसहरूलाई सत्यको सुसमाचार सुनाउन चुन्नु भयो। तिनीहरूबाट नै संसारलाई हल्लाउने क्षमता येशूले दिनुभयो। आफ्नो चर्च वा मण्डलीका अगुवाहरू बनाउन उहाँले तालिम दिनुभएको थियो र शिक्षित बनाउनुभएको थियो। आफूले जानेका आत्मज्ञानहरू अरूलाई सिकाएर सुसमाचार प्रचार गर्ने येशूभक्तहरू सृजना गर्ने जिम्मा ती चेलाहरूलाई दिइएको थियो।

"तिनीहरूको काममा सफल होस् भनेर तिनीहरूलाई पवित्र आत्माको शक्ति दिइएको थियो। यथार्थमा सुसमाचार मानविय शक्ति र बुद्धिले प्रचार गर्ने होइन तर परमेश्वरको शक्तिले गर्नुपर्थ्यो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस, पृ. १७बाट रूपान्तरित।

**समाजका जान्नेसुन्ने, लोकप्रिय, विभिन्न क्षमता भएका सक्षम् र धार्मिक जगतमा हालीमुहाली वा अधिकार भएका मानिसहरूलाई भन्दा समाजबाट उपेक्षित वर्गलाई येशूले चर्चको अगुवा हुन किन चुन्नु भयो भनेर देहायका केही पदहरूले देखाएकोमा चिन्तन गर्नुहोस्ः सपन्याह २:३ "हे देशका दीन हो, तिमीहरू, जो उहाँको आज्ञापालन गर्छौं, परमप्रभुको खोजी गर। धार्मिकता खोज, नम्रता खोज, र परमप्रभुका रीसको दिनमा शायद तिमीहरूले शरण पाउनेछौ।", मत्ती ११:२८-३० "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।", यर्मिया ५०:३१ "हे अहङ्कारी, हेर, म तेरो विरुद्धमा छु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "किनकि तेरो दिन आइपुगेको छ, मैले तँलाई दण्ड दिने दिन।" र यशैया ५७:१५ "किनकि सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ।"**

अगुवाहरू चुन्न येशूले जुन निति अपनाउनुभयो त्यसबारे गलत अनुमान गर्नु मनासिव छैन। यस मामिलामा हामी होशियार हुनुपर्छ। प्रतिष्ठित र शिक्षित वर्गहरूदेखि येशू टाडा हुन चाहेको होइन। सानै उमेरमा पनि येशू आफैले उहाँमा कतिको ज्ञान रहेछ भनेर प्रमाणित गर्नुभएको थियो (लूका २:४६,४७)। तर यो पनि सत्य हो कि प्रायजसो शिक्षित, धनी, अधिकारवाला, लोकप्रिय र प्रतिष्ठित वर्गहरू विनम्र भएर परमेश्वरको काममा खटिन आफूलाई सुम्पिन चाहन्दैनन्। तर यस्तो परिस्थिति सधैं हुन्छ भनेको होइन। आफ्नो कामको निम्ति येशूले केही प्रतिष्ठित मानिसहरूलाई पनि प्रयोग गर्नुभएको थियो।

उदाहरणमा निकोदिमस, अरमेथियाको युशूफ हामी पाउँछौं (साथै प्रेरित ६:७ पनि पढ्नुहोस्)। तर के भने पवित्र आत्माले अगुवाइ गर्न प्रायजसो अत्यन्त प्रतिभाशाली, क्षमतावान र सम्पन्न व्यक्तिहरूका हृदयहरू खुला भएको हुँदैन।

१ कोरन्थी ९:१९-२३ "किनभने म मानिसहरूबाट स्वतन्त्र भए तापनि अझ धेरैलाई जित्न सकूँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ। २० यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ। २१ व्यवस्थाको बाहिर हुनेहरूलाई जितेर ल्याउन सकूँ भनेर व्यवस्थाको बाहिर हुनेहरूका निम्ति म व्यवस्थाको बाहिर भएझैं बनें। तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैनँ, म ख्रीष्टका व्यवस्थाको अधीनमा छु। २२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु।", फिलिप्पी २:१-८ "यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर।३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो।६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" एक अगुवामा हुनुपर्ने स्वभावहरू के के हुन् भनेर उपरोक्त पदहरूले कसरी देखाउँछन्? साथै ती लक्षण वा स्वभावहरू केवल अगुवाहरूमा मात्र नभएर प्रत्येक व्यक्ति जो इसाई हुँ भनेर दावी गर्छन्

**तिनीहरूमा पनि किन हुनुपर्छ? हामीहरूको जीवनमा ती स्वभावहरूलाई कसरी समावेश गर्ने वा चरित्रमा गाभिन कसरी सिक्ने?**

## ५. येशू जानुहुन्छ (प्रेरित १)

भावी पिढीहरूले प्रायजसो विगतका मानिसहरूका प्रयास र सफलताको कुरा गर्दछन्। जब जब विगतका मानिसहरूका प्रयासहरूले राम्रो नतिजाहरू ल्याएको हुन्छ ती नतिजाहरू कसरी भए र किन भए भन्ने कुरालाई मुल्याङ्कन गरेर त्यसको अनुसरण गर्नुपर्छ। के येशूले तालिम दिनुभएर चेला बनाउनुभएको प्रक्रियाले असल नतिजा ल्यायो त? अवश्य ल्याएको थियो।उहाँले जुन् तरिका अपनाउनु भएको थियो त्यसले संसारलाई नै उथलपुथल पार्नुभएको थियो। यदि सुरूका चर्चका अगुवाहरूलाई ख्रीष्टले सफलतापूर्वक तालिम दिनुभएको थिएन भने हामी मध्ये कसैले पनि दुई हजारवर्षपछि यो बाइबल अध्ययन पुस्तक पढिरहने थिएनौं होला।

**प्रेरित १ "प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु।२ आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्।३ आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो।४ तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।" ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।" ६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा**

यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"
९ उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो
उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो।१०
जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए,
तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक
खड़ा भए। ११ तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन
आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा
लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ,
त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" १२ तब तिनीहरू जैतून भनिने
पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक
किलोमिटर जति टाढ़ा पर्छ। १३ सहर भित्र पसेपछि तिनीहरू माथिल्लो
तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब,
अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो
याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। १४
कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ
यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे। १५ ती
दिनमा भाइहरूका बीचमा पत्रुस खड़ा भए (यी मानिसहरूको संख्या प्रायः
एक सय बीस थियो), र भने, १६ "भाइ हो, धर्मशास्त्रको वचन पूरा
हुनुपर्दथियो, जुन वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा
दाऊदको मुखबाट अघिबाटै पवित्र आत्माले बोल्नुभएको थियो। १७
किनकि त्यसको गणना हामीसँगै भएको थियो। र यही सेवामा त्यसले
हिस्सा पाएको थियो।" १८ त्यस मानिसले अधर्मको कमाइबाट एउटा
जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र त्यसको भुँड़ी फुट्यो, र त्यसका
सबै आन्द्रा-भुँड़ी निस्के। १९ यो कुरा यरूशलेमका बासिन्दाहरू सबैलाई
थाहा भयो। त्यो जग्गाको नाउँ तिनीहरूको आफ्नो भाषामा आखेल्दामा
राखियो, अर्थात् रगतको खेत। २० पत्रुसले भने, "किनकि भजनको
पुस्तकमा यसो लेखिएको छ, 'त्यसको वासस्थान उजाड होस्, र त्यहाँ
वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले लिओस्।'

२१ यसैकारण हाम्रा साथमा रहने मानिसहरूमध्ये यस्तो एक जना
छान्नु आवश्यक छ, जुन व्यक्ति प्रभु येशू हाम्रा बीचमा रही भित्र-बाहिर

**गर्नुहुँदा सधैं हामीसँग थियो, २२ अर्थात् यस्तो व्यक्ति जो यूहन्नाको बप्तिस्मादेखि लिएर उहाँ हामीबाट उँभो लगिनुभएको दिनसम्म हामीसँग थियो। त्यो मानिस हामी सँगसँगै उहाँको पुनरुत्थानको साक्षी हुनुपर्छ।" २३ तिनीहरूले दुई जना, अर्थात् बारसाबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो, र मतियासको नाउँ प्रस्ताव गरे।२४ तिनीहरूले यसरी प्रार्थना गरे, "सबै मानिसका हृदयको कुरा जान्नुहुने प्रभु, यी दुईमध्ये तपाईंले कसलाई चुन्नुभएको छ सो हामीलाई देखाउनुहोस्, २५ र त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज ठाउँमा मऱ्यो।"२६ अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले, र मतियासको नाउँमा पऱ्यो, र एघार प्रेरितहरूसँग तिनको गणना भयो।"**

**उपरोक्त अध्यायमा चर्चलाई अगुवाई गर्न परमेश्वरले चुन्नुभएको अगुवाहरूको खाँचो किन छ भनेर कसरी देखाउँछ? चर्चका सदस्यहरूले अगुवामा हुनुपर्ने के स्वभाव खोजिरहेका थिए (पद २२)? हाम्रै चर्चमा ठिक अगुवा चुन्न त्यस नितिबाट हामी के सिक्न सक्छौं?**

खीष्टले आफ्नो राज्य उहाँका भक्तहरूका हृदयमा स्थापना गर्नुभएको थियो। त्यस राज्यमा उहाँले यस्तो निति अवलम्वन गर्नुभएको थियो कि जसले गर्दा त्यस राज्यको विकास गर्न चम्किएको थियो। अन्धकारबाट उज्यालोमा लान सुरूको कदम चल्ने दौरानमा येशूले आफ्ना चेलाहरूको विभिन्न कमिकमजोरीहरूलाई उहाँको शक्तिले ढाक्नुभएको थियो किनभने तिनीहरू उहाँमाथि पूरा भरोसा राखेका थिए। अशिक्षित पढ्नलेख्न नजान्ने मानिसहरू भनेर तत्कालिन धार्मिक अगुवाहरूले तिनीहरूलाई हेपेका थिए। तर ती चेलाहरू फरिसी तथा पण्डितहरूभन्दा चम्किएका थिए किनभने तिनीहरू विनम्र भएर परमेश्वरको अगुवामा भर परेका थिए। (यस्तो किसिमको स्वभाव हामीमा पनि हुन र देखाउन कतिको जरुरी छ सोचौं)। पछि गएर उच्च शिक्षित र समाजमा प्रतिष्ठित वर्गहरू पनि चर्चमा सहभागी हुन पुगेका थिए।

"खीष्टको प्रतिनिधी भएका हुनाले प्रेरितहरूले यस संसारमा बलियो प्रभाव पार्नुपरेको थियो। तिनीहरू नम्र र सिक्ने स्वभाव भएकै कारणले तिनीहरूको प्रभाव घटेको थिएन बरू वढ्दै गएको थियो।

ख्रीष्टले तिनीहरूको बीचमा काम गरिरहनुभएको हुनाले तिनीहरूका श्रोताहरूको दिमाग अदृष्य उद्धारकर्तातिर खिँचिएको थियो। प्रेरितहरूले सिकाएका अचम्मका विद्याहररू, तिनीहरूको मुखारहरूबाट निस्केका साहस र भरोसाका वचनहरूले तिनीहरू आफ्नै शक्ति होइन तिनीहरू परिचालित भएका होइनन् भनेर देखाएको थियो। बरू ख्रीष्टको शक्तिले तिनीहरू जागरुत भएका रहेछन् भनेर मानिसहरूले महसुस गरेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. २२,२३बाट रूपान्तरित।

**तपाईंका चर्चका अगुवाहरू कस्तो भएको तपाईं चाहनुहुन्छ? र किन? तिनीहरूमा के मूख्य तिन गुणहरू भएको तपाईं चाहनुहुन्छ? त्यसको बारेमा विश्वासी मित्रहरूसँग छलफल गर्नुहोस्।**

## उपसंहार

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढ्नुहोस्ः द डिजाएर अभ एजेजको पृ. ३४९-३५८को “द फर्स्ट इभान्जिलिस्टस", पृ. ४८८-४९६को “द लास्ट जर्नी फ्रम ग्यालिली" र पृ. २९८-३१४को “द सेरमन अन द माउन्ट"। द आक्टस अभ आपोस्टलस् पृ. १७-२४को “द ट्रेनिङ्ग अभ द ट्वेल्भ", पृ. २५-३४को “द ग्रेट कमिसन" र पृ. ८७-९६को “द सेभेन डिकनस्"।

“जब ख्रीष्टले विभिन्न क्षेत्रहरूमा काम गर्नुभएको थियो त्यसबेला आफ्नो आवश्यकता भएको वा केही न केही अभाव भएको मानिसहरूले महसुस गरेका थिए। तिनीहरू सत्यको निम्ति भोकाएका थिए तिर्खाएका थिए। ती भोकाएकाहरूलाई तृप्त पार्न आफ्नो प्रेम देखाउने समय आएको थियो। तिनीहरूको माझमा ख्रीष्टको सन्देश लिएर चेलाहरू उहाँका प्रतिनिधी भएर जानुपरेको थियो। परमेश्वरले चुन्नुभएको वा नियुक्ति गर्नुभएका गुरूहरू हुन् भनेर विश्वासीहरूले ती चेलाहरूलाई हेर्नुपरेको थियो। जसले गर्दा जब मुक्तिदाता तिनीहरूको माझबाट स्वर्गमा लैजानेछ तब अयोग्य गुरूको साथमा अयोग्य गुरूहरू तिनीहरूको साथमा नहोस् भन्ने उहाँको चाहना थियो।

“पहिलोचोटि ती चेलाहरूलाई प्रचार गर्न पठाउँदा उहाँ जहाँ जानुभएको थियो त्यहाँमात्र जान खटाउनुभएको थियो। त्यस ठाउँमा

येशूले आफ्ना मित्रहरू बनाउनुभएको थियो। सुसमाचार यात्राको निम्ति तिनीहरूलाई धेरै सरल रूपमा तयार गरिएको थियो। तिनीहरूको महान् कामको निम्ति तिनीहरूको मगजमा केही लानु हुन्दैनथ्यो न त विरोधीहरूलाई उत्तेजित पार्ने काम गर्नुहुन्थ्यो जसले गर्दा सुसमाचारलाई अघि बढाउने कामको निम्ति ढोका वन्द गरिन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ३५१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. चर्चमा सक्षम् र असल अगुवाहरू किन चाहिन्छ भनेर प्रेरित ६:१-६मा कसरी देखाइएको छ, हेर्नुहोस् "ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए।२ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन।३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" ५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने।६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।"

आ. इसाई जीवनमा जोश र होस अर्थात् आत्मज्ञान र अनुभवको खाँचोलाई कसरी संतुलित गरेर लैजाने सो गहिरिएर सोच्नुहोस्। के फरक फरक मानिसहरूलाई फरक फरक संतुलनको आवश्यकता पर्छ र? यदि पर्छ भने हामीहरूले येशूभक्त बनाउने क्रममा त्यस फरकप्रति संवेदनशील भएर

कसरी चल्ने? यस पदलाई ध्यान दिनुहोस् "यहूदीहरूलाईचाहिँ आश्चर्यकामका चिन्हहरू चाहिन्छ भने ग्रीक वा गैर-यहूदीहरूले ज्ञानबुद्धि वा दर्शनतिर हेर्दछन्।" (१ कोरन्थी १:२२ रूपान्तरित)। आत्मज्ञान वा दर्शन र अनुभव वा भावनाको बीचमा के फरक छ भनेर त्यस पदले कसरी बताउँछ?